संघीय संसद
प्रतिनिधि सभा, २०७९
दोश्रो अधिवेशन
बैठक संख्या - २१

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०८० साल जेठ २५ गते बिहिबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा दिनको ११:१० बजे प्रारम्भ भयो ।

त्यसपछि प्रारम्भ भएको शून्य समयमा निम्नलिखित माननीय सदस्यहरूले समसामयिक विषयहरूमा आ-आफ्नो भनाई राख्नु भयो ।

१. मा० श्री डोल प्रसाद अर्याल
२. मा० श्री तारा लामा तामाङ
३. मा० श्री तेजु लाल चौधरी
४. मा० श्री दामोदर पौडेल (वैरागी)
५. मा० श्री दमोदर भण्डारी
६. मा० श्री दिपक खड्का
७. मा० श्री दिपक बहादुर सिंह
८. मा० श्री दिपा शर्मा
९. मा० श्री दिलेन्द्र प्रसाद बडू
१०. मा० श्री दुर्गा राई
११. मा० श्री देव प्रसाद तिमलसेना
१२. मा० श्री धवलशम्मशेर जंगबहादुर राणा
१३. मा० श्री ध्रुब बहादुर प्रधान
१४. मा० श्री नारायण प्रसाद आचार्य
१५. मा० श्री नारायणी शर्मा
१६. मा० श्री निर्मला कोईराला
१७. मा० श्री निशा डागी
१८. मा० श्री प्रतिक्षा तिवारी
१९. मा० श्री प्रदिप पौडेल
२०. मा० श्री प्रभु साह
२१. मा० श्री प्रभु हजार दुसाध
२२. मा० श्री प्रेम बहादुर महर्जन
२३. मा० श्री प्रेम सुवाल
२४. मा० श्री बलराम अधिकारी
२५. मा० श्री बसन्त कुमार नेम्वाङ
२६. मा० श्री विना देवी
२७. मा० श्री विनिता कठायत
२८. मा० श्री दयाल बहादुर शाही

तत्पश्चात् आ.व. २०८०/०८१ को राजश्व र व्ययको वार्षिक अनुमानमाथि जारी सामान्य छलफलमा निम्नलिखित माननीय सदस्यहरुले भाग लिनु भयो:-

१. मा० श्री विनोद कुमार चौधरी
२. मा० श्री पृथ्वी सुब्बा गुरुङ
३. मा० श्री पूर्ण बहादुर घर्ती मगर
४. मा० श्री रवि लामिछाने
५. मा० श्री राजेन्द्र प्रसाद लिङदेन
६. मा० श्री रेखा यादव
७. मा० श्री मेटमणि चौधरी
८. मा० श्री सर्वेन्द्र नाथ शुक्ला
९. मा० श्री अरुण कुमार चौधरी
१०. मा० श्री श्याम कुमार घिमिरे
११. मा० श्री रघुजी पन्त
१२. मा० श्री सूर्यमान तामाङ (दोङ)
१३. मा० श्री शुसिला श्रेष्ठ
१४. मा० श्री संजय कुमार गौतम
१५. मा० श्री ईश्वर बहादुर रिजाल
१६. मा० श्री नारायणी शर्मा
१७. मा० श्री रामकृष्ण यादव
१८. मा० श्री अच्युत प्रसाद मैनाली
१९. मा० श्री दुर्गा राई
२०. मा० श्री राजु थापा
२१. मा० श्री जुली कुमारी महतो (महासेठ)
२२. मा० श्री छिरिङ डम्डुल लामा (भोटे)
२३. मा० श्री नागिना यादव
२४. मा० श्री विद्या भट्टराई
२५. मा० श्री डिल्लिराज पन्त
२६. मा० श्री अमृता देवी अग्रहरी
२७. मा० श्री सिता कुमारी राना
२८. मा० श्री लाल प्रसाद सावाँ लिम्बु
२९. मा० श्री मैना कार्की
३०. मा० श्री एकनाथ ढकाल
३१. मा० श्री सिता मिजार
३२. मा० श्री प्रभु हजारा दुसाध
३३. मा० श्री मन बहादुर गुरुङ्ग
३४. मा० डा० शुनिल कुमार शर्मा
३५. मा० श्री नारायण प्रसाद आचार्य
३६. मा० श्री राम कुमार राई
३७. मा० श्री हरि ढकाल
३८. मा० श्री ऐन बहादुर शाही ठकुरी
३९. मा० श्री सूर्य प्रसाद ढकाल
४०. मा० श्री लिला देवी वोखिम (लिम्बु)

४१. मा० श्री मानबीर राई
४२. मा० श्री अम्मर बहादुर रायमाझी
४३. मा० श्री प्रतिक्षा तिवारी

यसैबीच माननीय श्री दिपा शर्माले नियमापत्ति गर्नुहुँदै प्रतिनिधि सभा नियमावली, २०७९ को नियम २१ को (घ) को प्रतिकुल माननीय श्री विनोद कुमार चौधरीले छलफलमा बोल्ने क्रममा महिलालाई होच्याउने गरी "जब पर्‍यो राती तब बुढी ताती" भनी प्रयोग गर्नुभएको शब्दहरु सभाको रेकर्डबाट हटाउन माग गर्नुभएपछि सम्माननीय सभामुखले माननीय सदस्यले प्रयोग गर्नुभएको शब्दहरु लैङ्गिक मैत्री नभएकोले सभाको रेकर्डबाट हटाउन सचिवालयलाई निर्देश गर्नुभयो ।

यसैबीच मा० श्री राजु थापाले बोलिसकेपछि नेकपा (एमाले)का सदनमा उपस्थित सम्पूर्ण मा० सदस्यहरु आ-आफ्नो स्थानामा उभिनु भइ विरोध जनाउनु भएपछि सम्माननीय सभामुखले माननीय श्री पदम गिरीलाई समय दिनुहुँदा उहाँले केही दिनदेखि कोशी प्रदेशमा प्रदेश नामाङ्कनको विषयमा ने.क.पा. (एमाले) का नेता, केन्द्रिय सदस्य लगायतमाथि श्रृंखलावद्ध आक्रमणका घटना भइरहेको र आजै पनि कोशी प्रदेश सभाको उपनेता राम बहादुर राना र उपसभामुख सिर्जना दनुवारमाथी आक्रमण भएको छ भन्नुहुँदै उक्त घटनाका सम्बन्धमा सरकारले आगामी सदनको बैठकमा जवाफ नदिएसम्म बैठक सञ्चालनमा सहयोग गर्न नसकिने जानकारी गराउनु भएपछि सम्माननीय सभामुखले माननीय सदस्यले उठाउनु भएको विषयतर्फ सरकारको ध्यानाकर्षण गराउँछु भन्नुभयो ।

यसैबीच माननीय श्री डिल्लिराज पन्तले बोल्ने क्रममा "नहुने मामा भन्दा कानो मामा निको" भनी अशक्तलाई आघात पुग्ने खालको शब्दहरु प्रयोग गर्नुभएको भनी माननीय श्री हरि ढकालले नियमापत्ति गर्नुभएपछि वक्ता माननीय सदस्यले सोप्रति क्षमा माग्नुभयो । साथै सम्माननीय सभामुखले अशक्त व्यक्तिहरुलाई आघात पुग्न सक्ने र सार्वजनिक शिष्टाचारको अनुकूल नभएकोले उल्लिखित शब्दहरु सभाको रेकर्डबाट हटाउन सचिवालयलाई निर्देश गर्नुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले आ.व. २०८०/०८१ को राजश्व र व्ययको वार्षिक अनुमानमाथिको छलफलमा माननीय सदस्यहरुले बोल्ने क्रम आगामी बैठकमा जारी रहने व्यहोरा जानकारी गराउनु भयो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०८० साल जेठ २६ गते शुक्रबार बिहान ११:०० बजे बस्ने गरी बेलुका ६:३० बजे स्थगित भयो ।

डा० भरतराज गौतम
संघीय संसदको महासचिव